**नेपाल राष्ट्र बैंक**
**राष्ट्र ऋण व्यवस्थापन विभाग**
आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदन

१. नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागले नेपाल सरकारको तर्फबाट आन्तरिक ऋण उठाउने र सो को व्यवस्थापन गर्ने कार्य गर्दैआएको छ । त्यसैगरी मौद्रिक अधिकारीको रुपमा रहेको नेपाल राष्ट्र बैंकद्वारा जारी गरिने मौद्रिक नीति कार्यान्वयन गर्ने कार्यअन्तर्गत विभिन्न मौद्रिक उपकरणहरु प्रयोग गरी बैंकिङ क्षेत्रको तरलता व्यवस्थापन गर्ने कार्य समेत यस विभागबाट हुने गरेको छ । यसका साथै छोटो अवधिको तरलता व्यवस्थापनका लागि विकास ऋणपत्र, ट्रेजरी बिल, नेपाल राष्ट्र बैंक ऋणपत्रलगायतका ऋणपत्रहरुको धितोमा स्थायी तरलता सुविधा प्रदान गर्ने कार्य समेत विभागले गर्दै आएको छ । त्यस्तै, राष्ट्र ऋण ऐन, २०५९, राष्ट्र ऋण नियमावली, २०५९ (दोस्रो संशोधन), ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली, २०६१, राष्ट्र ऋण व्यवस्थापन मार्गदर्शन, २०७४ र नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली,२०७१ का साथै अन्य विनियमावली तथा कार्यविधिअनुरुप नेपाल सरकारको आन्तरिक ऋण तथा तरलता व्यवस्थापनको कार्य यस विभागले गर्दै आएको छ ।

## आन्तरिक ऋण व्यवस्थापन

२. नेपाल सरकारको प्रत्येक आर्थिक वर्षको बजेटमा व्यवस्था भए बमोजिमको आन्तरिक ऋण उठाउन राष्ट्र ऋण उठाउने ऐन, २०५९ पारित भएपश्चात् नेपाल सरकारबाट स्वीकृत वार्षिक आन्तरिक ऋण निष्काशन तालिका र बोलकबोल तालिकाबमोजिम यस विभागबाट आन्तरिक ऋण परिचालन गरिदै आएको छ ।

३. नेपाल सरकारको तर्फबाट आन्तरिक ऋण उठाउने प्रयोजनार्थ नेपाल राष्ट्र बैंकले हाल ट्रेजरी बिल, विकास ऋणपत्र, नागरिक बचतपत्र, राष्ट्रिय बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्रको निष्काशन गर्दै आएको छ ।

## ट्रेजरी बिल्स

४. आर्थिक वर्ष २०७५/७६ मा रु.८ अर्बको ९१ दिने, रु.७ अर्ब ८५ करोड ५० लाखको १८२ दिने तथा रु.१० अर्ब ५८ करोडको ३६४ दिने गरी कुल रु.२६ अर्ब ४३ करोड ५० लाखको ट्रेजरी बिल जारी भयो । त्यसैगरी, विगतमा निष्काशन भई २०७६ असार मसान्तसम्ममा भुक्तानी हुन बाँकी रु.३१५ अर्ब ९४ करोडको ट्रेजरी बिलको भुक्तानी अवधिअनुसार पटक-पटक गरी नवीकरण गर्ने कार्य समेत सम्पन्न भयो भने समीक्षा अवधिमा रु.२४ अर्ब ४९ करोडको ट्रेजरी बिल नेपाल सरकारबाट भुक्तानी भएको छ ।

## विकास ऋणपत्र

५. आर्थिक वर्ष २०७५/७६ मा रु.६९ अर्ब ९४ करोड ७० लाखको विकास ऋणपत्र जारी गरिएको छ । डच बोलकबोल विधिबाट निर्धारित ब्याजदरको आधारमा विकास ऋणपत्र निष्काशन गर्ने पद्धतिअनुरुप उक्त अवधिमा ती विकास ऋणपत्रहरु जारी गरिएका छन् । आर्थिक वर्ष २०७५/७६ को अन्त्यसम्ममा भुक्तानी हुन बाँकी विकास ऋणपत्र रु.२९७ अर्ब ३५ करोड रहेको छ । भुक्तानी हुन बाँकी विकास ऋणपत्रको भुक्तानी अवधि ५ वर्षदेखि १५ वर्षसम्म रहेको छ । आर्थिक वर्ष २०७५/७६ मा जारी भएका विकास ऋणपत्रहरुको विवरण तालिका १ मा उल्लेख गरिएको छ ।

| तलिका १: विकास ऋणपत्र निष्काशन (२०७५/७६) (रु.करोडमा) | | | | |
|---|---|---|---|---|
| क्र.स. | विकास ऋणपत्र | अवधि | निष्काशित रकम | व्याजदर |
| १ | २०८१"ग" | ५ | १२००.०० | ६.१९ |
| २ | २०८२"ग" | ६ | ८००.०० | ६.३३ |
| ३ | २०८३"ख" | ७ | ७११.२० | ६.५ |
| ४ | २०८४"ग" | ८ | ११००.०० | ५.९९ |
| ५ | २०८५"ग" | ९ | ८००.०० | ६.५ |
| ६ | २०८६"ग" | १० | ६००.०० | ६.४९ |
| ७ | २०८७"ख" | ११ | ६००.०० | ६.४८ |
| ८ | २०८९"ख" | १३ | ५०९.५० | ६.५ |
| ९ | २०९० | १४ | ६७४.०० | ६.५ |
| | | कुल रकम | ६९९४.७० | ६.३४ |

## नागरिक बचतपत्र/राष्ट्रिय बचतपत्र/वैदेशिक रोजगार बचतपत्र

६. आर्थिक वर्ष २०७५/७६ मा नागरिक बचतपत्रको नयाँ निष्काशन गरिएन । २०७५ असार मसान्तमा रु.८ अर्ब ७१ करोड ६३ लाख बराबरको नागरिक बचतपत्र भुक्तानी हुन बाँकी रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा रु.३४ करोड २ लाख भुक्तानी भई २०७६ असार मसान्तमा रु.८ अर्ब ३७ करोड ६२ लाखको नागरिक बचतपत्र भुक्तानी हुन बाँकी रहेको छ ।

७. आर्थिक वर्ष २०७५/७६ मा राष्ट्रिय बचतपत्रको नयाँ निष्काशन गरिएन । २०७५ असार मसान्तमा रु.९० करोड ६५ लाख बराबरको राष्ट्रिय बचतपत्रको भुक्तानी गर्न बाँकी रहेकोमा उक्त आर्थिक वर्षको अन्त्य सम्ममा सबै राष्ट्रिय बचतपत्रहरुको भुक्तानी गरियो ।

८. आर्थिक वर्ष २०७५/७६ मा वैदेशिक रोजगार बचतपत्रको नयाँ निष्काशन गरिएन । २०७५ असार मसान्तमा रु.५२ करोड ८० लाख बराबरको वैदेशिक रोजगार बचतपत्रको भुक्तानी हुन बाँकी रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा रु.७ करोड ६४ लाख भुक्तानी भई २०७६ असार मसान्तमा रु.४५ करोड १५ लाखको वैदेशिक रोजगार बचतपत्रको भुक्तानी हुन बाँकी रहेको छ ।

## खुद आन्तरिक ऋण निष्काशन

९. आर्थिक वर्ष २०७५/७६ मा विविध उपकरणमार्फत रु.९६ अर्ब ३८ करोड २० लाख बराबरको कुल आन्तरिक ऋण उठाइयो भने रु.३४ अर्ब ३१ करोड ३१ लाख बराबरको आन्तरिक ऋण भुक्तानी भएको छ । उठाइएको आन्तरिक ऋण भन्दा भुक्तानी भएको आन्तरिक ऋणको रकम कम भएकोले आर्थिक वर्ष २०७५/७६ मा खुद आन्तरिक ऋण निष्काशन रु.६२ अर्ब ६ करोड ८९ लाखले वचतमा रह्यो ।

| तालिका २: खुद आन्तरिक ऋण निष्काशन (रु.करोडमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| विवरण | ऋण निष्काशन | | | कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात | | |
| | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
| (क) कुल निष्काशन | ८८३३.७८ | १४४७५.०९ | ९६३८.२० | ३.४० | ४.८१ | २.७८ |
| ट्रेजरी बिल्स | ३३००.०० | ७१९५.८७ | २६४३.५० | १.२७ | २.३९ | ०.७६ |
| विकास ऋणपत्र | ५५००.०० | ७२००.०० | ६९९४.७० | २.१२ | २.३९ | २.०२ |
| राष्ट्रिय बचतपत्र | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| नागरिक बचतपत्र | २८.५७ | ७५.११ | ०.०० | ०.०१ | ०.०२ | ०.०० |
| वैदेशिक रोजगार बचतपत्र | ५.२१ | ४.१२ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| विशेष ऋणपत्र | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| (ख) कुल भुक्तानी | ३८७८.५१ | ३७५६.२९ | ३४३१.३१ | १.४९ | १.२५ | ०.९९ |
| ट्रेजरी बिल्स | ३८६४.९९ | ३७५२.०० | २४४९.०० | १.४९ | १.२५ | ०.७० |
| विकास ऋणपत्र | ०.०० | ०.०० | ८५०.०० | ०.०० | ०.०० | ०.२४ |
| राष्ट्रिय बचतपत्र | ०.०० | ०.०० | ९०.६५ | ०.०० | ०.०० | ०.०२ |
| नागरिक बचतपत्र | १२.६६ | ०.०० | ३४.०२ | ०.०० | ०.०० | ०.००९ |
| वैदेशिक रोजगार बचतपत्र | ०.८७ | ४.२९ | ७.६४ | ०.०० | ०.०० | ०.००२ |
| विशेष ऋणपत्र | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| (ग) खुद निष्काशन | ४९५५.२७ | १०७१८.८१ | ६२०६.८९ | १.९१ | ३.५६ | १.७९ |
| ट्रेजरी बिल्स | -५६४.९९ | ३४४३.८७ | १९४.५० | -०.२२ | १.१५ | ०.०५६ |
| विकास ऋणपत्र | ५५००.०० | ७२००.०० | ६१४४.७० | २.१२ | २.३९ | १.७७ |
| राष्ट्रिय बचतपत्र | ०.०० | ०.०० | -९०.६५ | ०.०० | ०.०० | -०.०२ |
| नागरिक बचतपत्र | १५.९१ | ७५.११ | -३४.०२ | ०.०१ | ०.०२ | ०.०० |
| वैदेशिक रोजगार बचतपत्र | ४.३४ | -०.१७ | -७.६४ | ०.०० | ०.०० | ०.०० |
| विशेष ऋणपत्र | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| (घ) तिर्न बाँकी कुल आन्तरिक ऋण | २८३७१.०६ | ३९०८९.८७ | ४५२९६.७६ | १०.९२ | १३.०० | १३.०७ |
| (ङ) कुल गार्हस्थ्य उत्पादन | २५९९२३.४ | ३००७२४.६ | ३४६४३०.० | | | |

## भुक्तानी गर्न बाँकी नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्व

१०. नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्व आर्थिक वर्ष २०७४/७५ मा रु.३९० अर्ब ८९ करोड ८७ लाख रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा रु.४५२ अर्ब ९६ करोड ७६ लाख रहेको छ । नेपाल सरकारले समीक्षा अवधिमा ट्रेजरी विल, विकास ऋणपत्रमार्फत् उठाइएको रकम सोही अवधिमा भुक्तानी भएको रकमभन्दा बढी रहेकोले यी बचतपत्रको परिमाण गत वर्षको तुलनामा बढेको छ ।

**तालिका ३: नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्व**

(रु.करोडमा)

| सि. नं. | ऋणपत्रको किसिम | २०७३/७४ | | २०७४/७५ | | २०७५/७६ | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | अंश | रकम | अंश | रकम | अंश | २०७४/७५ | २०७५/७६ |
| १. | ट्रेजरी बिल्स | ११०४०.९३ | ३८.९२ | १४४८४.७९ | ३७.०६ | १४६७९.२९ | ३२.४१ | ३१.१९ | १.३४ |
| २. | विकास ऋणपत्र | १६३९०.०० | ५७.७७ | २३५९०.०० | ६०.३५ | २९७३४.७० | ६५.६५ | ४३.९३ | २६.०४ |
| ३. | राष्ट्रिय बचतपत्र | ९०.६५ | ०.३२ | ९०.६५ | ०.२३ | ०.०० | ०.०० | | |
| ४. | नागरिक बचतपत्र | ७९६.५३ | २.८१ | ८७१.६३ | २.८१ | ८३७.६१ | १.८५ | २.०४ | ५.१२ |
| ५. | बैदेशिक रोजगार बचतपत्र | ५२.९६ | ०.१९ | ५२.८० | ०.१४ | ४५.१५ | ०.०९ | -०.३० | -१४.७४ |
| ६. | विशेष ऋणपत्र | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | | |
| | जम्मा | २८३७१.०६ | १०० | ३९०८९.८७ | १०० | ४५२९६.७६ | १०० | | |

## नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेका सरकारी ऋणपत्र

११. अधिविकर्ष रकमको सेक्युरिटाइजेशन गर्दा, खुला बजार कारोबारअन्तर्गत सोझै खरीद बोलकबोल गर्दा, बैंक तथा वित्तीय संस्थाले लिएको स्थायी तरलता सुविधाको भुक्तानी गर्न नसक्ने अवस्थामा नेपाल राष्ट्र बैंकले दोस्रो बजारबाट धितो राखिएको ऋणपत्र खरीद गरेमा र बजार निर्माताले आफ्नो स्वामित्वमा रहेको ऋणपत्र नेपाल राष्ट्र बैंकलाई बिक्री गरेमा वा खरिद गर्न अनुरोध गरेमा त्यस्ता बचतपत्रहरु नेपाल राष्ट्र बैंकको स्वामित्वमा आउने गर्दछ । आर्थिक वर्ष २०७५/७६ मा नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेका सरकारी ऋणपत्रमध्ये विकास ऋणपत्रको अंश अन्य बचतपत्रको भन्दा उच्च रहेको छ ।

**तालिका ४: नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेका सरकारी ऋणपत्रको विवरण**

(रु.करोडमा)

| सि. नं. | ऋणपत्रको किसिम | २०७३/७४ | | २०७४/७५ | | २०७५/७६ | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | अंश | रकम | अंश | रकम | अंश | २०७४/७५ | २०७५/७६ |
| १. | ट्रेजरी बिल्स | ३०४५.७४ | ७२.७५ | २६११.९९ | ३५.०२ | १८४७.३१ | २८.२८ | -१४.२४ | -२९.२७ |
| २. | विकास ऋणपत्र | ८९४.२ | २१.३६ | ४५२८.७० | ६०.७२ | ४४०३.२५ | ६७.४२ | ४०६.४५ | -२.७६ |
| ३. | राष्ट्रिय बचतपत्र | १८.२४ | ०.४४ | २६.२२ | ०.३५ | ०.०० | ०.०० | ४३.७५ | -१००.०० |
| ४. | नागरिक बचतपत्र | २२७.४७ | ५.४३ | २९०.७५ | ३.९० | २७९.४९ | ४.२८ | २७.८२ | -३.८७ |
| ५. | बैदेशिक रोजगार बचतपत्र | १.०० | ०.०२ | १.०९ | ०.०१ | १.२७ | ०.०२ | ९.०० | १६.५१ |
| | जम्मा | ४१८६.६५ | १००.०० | ७४५८.७५ | १००.०० | ६५३१.३३ | १००.०० | | |

## सरकारी ऋणपत्रको बिक्री प्रवर्द्धनात्मक कार्यक्रम

१२. सरकारी ऋणपत्रको कारोबारलाई थप प्रभावकारी बनाउनको निमित्त बजार निर्माताका काठमाडौं उपत्यकास्थित् केन्द्रीय तथा शाखा कार्यालयका कर्मचारीहरुको सहभागितामा सरकारी ऋणपत्रहरुको प्राथमिक तथा दोस्रो बजार कारोबारसम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरिएको छ ।

१३. सरकारी ऋणपत्रको कारोबारलाई उपत्यकाबाहिर समेत विस्तार गर्ने उद्देश्यले राष्ट्रऋण व्यवस्थापन विभागको आयोजनामा उपत्यका वाहिर झापाको बिर्तामोडमा वैदेशिक रोजगारीमा रहेका ब्यक्तिहरुका घरपरिवारको सहभागितामा बैदेशिक रोजगार बचतपत्रसम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ ।

१४. वैदेशिक रोजगार बचतपत्रको बिक्री प्रवर्द्धन गर्ने उद्देश्यले उपत्यकाभित्र रहेका बिक्री एजेण्टका प्रतिनिधिहरुको सहभागितामा वैदेशिक रोजगार बचतपत्रको प्राथमिक कारोबार सम्बन्धमा एक दिने अन्तरक्रियात्मक कार्यक्रमको आयोजना गरिएको छ ।

**तरलता व्यवस्थापन**

१५. नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१ को अधीनमा रही बैंकिङ प्रणालीमा विद्यमान तरलताको स्थितिका आधारमा खुला बजार कारोबार सञ्चालन समितिको निर्णयबमोजिम आवश्यकता अनुसारका उपकरणहरु (रिपो, रिभर्स रिपो, आउटराइट सेल, आउटराइट पर्चेज, निक्षेप संकलन तथा नेपाल राष्ट्र बैंक ऋणपत्र) प्रयोग गरी बैंकिङ प्रणालीको तरलताको व्यवस्थापन गर्ने गरिएको छ ।

१६. आर्थिक वर्ष २०७५/७६ मा बैंकिङ प्रणालीमा देखिएको तरलताको उतार चढावलाई सम्बोधन गर्नका लागि खुला बजार कारोबारका विभिन्न उपकरणहरु प्रयोगमा ल्याइएको छ । यसै आर्थिक वर्षको मौद्रिक नीतिमा उल्लेख भएको ब्याजदर करिडोरसम्बन्धी व्यवस्थालाई सम्बोधन गर्नको निमित्त "ब्याजदर करिडोरसम्बन्धी कार्यविधि, २०७४ (प्रथम संशोधन २०७५ सहित) कार्यान्वयनमा ल्याइएको छ ।

१७. चालू आर्थिक वर्षको मौद्रिक नीतिमा नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१ को विनियम १७ बमोजिम प्रदान गरिँदै आएको स्थायी तरलता सुविधा (Standing Liquidity Facility SLF) प्रदान गर्ने अवधिलाई अधिकतम सात कार्यदिन कायम गरिएबमोजिम स्थायी तरलतासम्बन्धी कार्यविधि, २०७३ संशोधन गरी कार्यान्वयनमा ल्याइएको छ ।

१८. आर्थिक वर्ष २०७५/७६ मा रिभर्स रिपोमार्फत रु.२० अर्ब ७० करोड, नियमित प्रकारको निक्षेप संकलनमार्फत रु.७९ अर्ब ६५ करोड गरी कुल रु.१०० अर्ब ३५ करोड (टर्न ओभरको आधारमा) तरलता प्रशोचन गरिएको छ ।

१९. यसैगरी सोही अवधिमा ब्याजदर करिडोर अन्तर्गतको १४ दिने रिपोमार्फत रु.५ अर्ब ७० करोड तथा नियमित प्रकारको रिपोमार्फत रु.१६२ अर्ब ७६ करोड गरी कुल रु.१६८ अर्ब ४६ करोडको तरलता प्रवाह गरिएको छ ।

२०. आर्थिक वर्ष २०७५/७६ मा छोटो अवधिको तरलता व्यवस्थापन गर्ने उद्देश्यले सरकारी ऋणपत्र (ट्रेजरी विल र विकास ऋणपत्र) तथा नेपाल राष्ट्र बैंक ऋणपत्रको धितोमा मागकर्ता बैंक तथा वित्तीय संस्थालाई अधिकतम ७ कार्य दिनको लागि ६.५ प्रतिशत ब्याजदर (बैंकदर) मा १५६ पटक गरी रु.१५४ अर्ब ३२ करोड ९० लाख (टर्नओभरको आधारमा) स्थायी तरलता सुविधा प्रदान भएको छ ।